"साँस्कृतिक शान, आठराईको पहिचान"

# आठराई राजपत्र

## भाग २

## खण्ड ७ संख्याः ५

## आठराई गाउँपालिकाद्वारा प्रकाशित

**गाउँ कार्यपालिकाद्वारा स्वीकृत मितिः२०८१/११/०६**

**राजपत्रमा प्रकाशित मितिः २०८१/११/०८**

**आठराई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**संक्रान्तिबजार, तेह्रथुम**
**कोशी प्रदेश, नेपाल**

# विद्यालय कर्मचारी, बालविकास सहजकर्ता, मातृभाषा शिक्षक र सामुदायिक सिकाइ केन्द्रका परिचालक व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१

**प्रस्तावनाः** विद्यालय कर्मचारी, बालविकास सहजकर्ता, मातृभाषा शिक्षक र सामुदायिक सिकाइ केन्द्रका परिचालक व्यवस्थापन कार्यविधि — २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,
आठराई गाउँपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विद्यालय कर्मचारी, बालविकास सहजकर्ता, मातृभाषा शिक्षक र सामुदायिक सिकाइ केन्द्रका परिचालक व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **विद्यालय कर्मचारी, बालविकास सहजकर्ता, मातृभाषा शिक्षक र सामुदायिक सिकाइ केन्द्रका परिचालक व्यवस्थापन कार्यविधि- २०८० को परिच्छेद १, दफा (२) मा संशोधनः**

(१) विद्यालय कर्मचारी, बालविकास सहजकर्ता, मातृभाषा शिक्षक र सामुदायिक सिकाइ केन्द्रका परिचालक व्यवस्थापन कार्यविधि — २०८० (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा (२) को परिभाषा (ढ) पछि देहायको परिभाषा (ण) थप गरिएको छः-

"(ण) "मातृभाषा शिक्षक भन्नाले यस कार्यविधि बमोजिम नियुक्ति भएका मातृभाषा अध्यापन गराउने शिक्षक सम्झनुपर्छ।"

३. **मूल कार्यविधिको परिच्छेद २, दफा (३) मा संशोधनः** मूल कार्यविधिको,-

(१) परिच्छेद २, दफा (३) का उपदफा (१), (२), (३), (४), (५), र (६) को सट्टा देहायका उपदफा (१), (२), (३), (४), (५), र (६) राखिएको छः-

"(१) रिक्त रहेको विद्यालय कर्मचारी .बाल-विकास सहजकर्ता, मातृभाषा शिक्षक र सामुदायिक सिकाइ केन्द्रका परिचालकको पदमा छनोट समितिको सिफारिसमा विद्यालय व्यवस्थापन समिति / सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा नियुक्ति गर्न सक्नेछ।

(२) करारमा विद्यालय कर्मचारी, बाल-विकास सहजकर्ता, मातृभाषा शिक्षक तथा सामुदायिक सिकाइ केन्द्रका परिचालक नियुक्ति का लागि शिक्षा शाखाबाट दरबन्दी यकिन गरी अनुमति लिएर नियुक्ति प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

(३) विद्यालय कर्मचारी, बाल-विकास सहजकर्ता, मातृभाषा शिक्षक तथा सामुदायिक सिकाइ केन्द्रका परिचालकको पदपूर्ति गर्नको लागि आवश्यक विवरण खुलाई पन्ध्र दिनको

सार्वजनिक सूचना सम्भाव्य सबै माध्यमबाट प्रकाशन गर्नु का साथै सम्बन्धित विद्यालय, वडा कार्यालय र गाउँपालिकाको सूचनापाटीमा टाँस गर्नु पर्नेछ ।

(४) विद्यालय कर्मचारी, बालविकास सहजकर्ता, मातृभाषा शिक्षक र सामुदायिक केन्द्रका परिचालक पदमा नियुक्ति हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाण-पत्र र निवेदन पेश गर्नु पर्नेछ ।

(५) छनोट समितिको सिफारिसमा सम्बन्धित विद्यालयले विद्यालय कर्मचारी , बालविकास सहजकर्ता, मातृभाषा शिक्षक र सामुदायिक सिकाइ केन्द्रका परिचालक नियुक्ति गरेको सात दिन भित्रमा सोको जानकारी शिक्षा शाखालाई गराउनु पर्नेछ।

(६) यो कार्यविधि बमोजिमको प्रक्रिया नपुर्याई विद्यालय कर्मचारी, बालविकास सहजकर्ता, मातृभाषा शिक्षक र सामुदायिक सिकाई केन्द्रका परिचालक नियुक्ति गरेमा त्यस्तो नियुक्ति बदर हुनेछ ।"

४. **<u>मूल कार्यविधिको परिच्छेद ३, दफा (४) मा संशोधनः</u>** मूल कार्यविधिको,-

(१) परिच्छेद ३ को दफा (४) का उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) विद्यालय सहयोगी (श्रेणी विहीन) कर्मचारीको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनु पर्नेछ।

क. नेपाली नागरिक,

ख. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ५ वा सो सरह उत्तीर्ण गरी लेखपढ, कार्यालय व्यवस्थापन तथा दर्ता चलानी गर्न सक्ने,

ग. १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

घ. अन्य प्रचलित कानुनले अयोग्य नभएको।"

(२) परिच्छेद ३ को दफा (४) को उपदफा (४) पछि उपदफा (५) थप गरिएको छः-

" (५) मातृभाषा शिक्षकको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ ।

क. नेपाली नागरिक,

ख. १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

ग. "मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रवेशिका वा सो सरह उत्तीर्ण भएको र सम्बन्धित मातृभाषा बोलाइ, लेखाइ तथा लिपिको पूर्ण ज्ञान सीप भएको हुनु पर्नेछ ।"

५. **<u>मूल कार्यविधिको अनुसूचीहरूमा संशोधनः</u>** मूल कार्यविधिको,-

(१) अनुसूची — २ को सट्टा देहायको अनुसूची — २ राखिएको छः-

"

## अनुसूची -२

## विद्यालय सहयोगी पदको पाठ्यक्रम

सामान्य परीक्षा पूर्णाङ्क - १०     विषयगत परीक्षा २०     अन्तर्वार्ता पूर्णाङ्क - १५

| विषय क्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न सङ्ख्या | प्रति प्रश्न अङ्क भार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा | १० | ५ | १० | १ | वस्तुगत / बहु वैकल्पिक | ३० मिनेट |
| विषयगत परीक्षा | २० | ८ | ५ | ४ | विषयगत / विश्लेषणात्मक | १ घण्टा |
| अन्तर्वार्ता | १५ | ६ | व्यक्तित्व / आचरण — ३, विषयवस्तुको ज्ञान -९, प्रस्तुतीकरण- ३ | | | |

खण्ड क - वस्तुगत प्रश्नहरू (सामान्य ज्ञान)

| क्र.सं. | विषयवस्तु तथा क्षेत्र | प्रश्न सङ्ख्या | एक प्रश्नको अङ्क भार |
|---|---|---|---|
| १ | आठराई गाउँपालिकाको सामान्य जानकारी | २ | १ |
| २ | आठराई गाउँपालिकाको शैक्षिक इतिहास सम्बन्धी जानकारी | २ | १ |
| ३ | कार्यालय सञ्चालन र अभिलेख व्यवस्थापन सम्बन्धी सामान्य जानकारी | २ | १ |
| ४ | गणितका साधारण क्रिया (जोड, घटाउ, गुणन, भाग प्रतिशत) सम्बन्धी सामान्य जानकारी | २ | १ |
| ५ | चिठी पत्र दर्ता चलानी सम्बन्धी जानकारी | २ | १ |

खण्ड ख - विषयगत प्रश्नहरू

| क्र.सं. | विषयवस्तु तथा क्षेत्र | प्रश्न सङ्ख्या | एक प्रश्नको अङ्क भार |
|---|---|---|---|
| १ | पत्र व्यवहार निवेदन लेख्ने | १ | ४ |
| २ | विद्यालयमा सहयोगी कर्मचारीको काम, कर्तव्य, भूमिका र अधिकार | १ | ४ |
| ३ | वातावरण सरसफाइ र फोहोरमैला व्यवस्थापन | १ | ४ |
| ४ | विद्यार्थीको सम्भावित दुर्घटनाबाट बच्ने उपायहरू र सुरक्षा शिक्षा | १ | ४ |
| ५ | विद्यालयको दिवा खाजा कार्यक्रमबारे सामान्य जानकारी | १ | ४ |

**अन्तर्वार्ता योजना (Interview Examination Scheme)**

**विद्यालय सहयोगी कर्मचारीको लागि**

१. अन्तर्वार्ता - २०

| क्र.सं. | मूल्याङ्कनको आधार | शैक्षिक योग्यता-५ | | |
|---|---|---|---|---|
| १ | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता- ३ | प्रथम श्रेणी - ३ | द्वितीय श्रेणी - २ | |
| २ | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको -२ | २ | १ | |
| ३ | अन्तर्वार्ता-१५ | व्यक्तित्व / आचरण - ५ | विषयवस्तुको ज्ञान - ६ | प्रस्तुतीकरण - ४ |

नोटः अन्तर्वार्ता बापत अङ्क दिँदा कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो अङ्क दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ ।

द्रष्टव्यः

१. सामान्य परीक्षा(वस्तुगत/(बहु वैकल्पिक प्रश्नहरू)का प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ तर उत्तर नदिएमा अङ्क कट्टा गरिने छैन ।
२. यस पाठ्यक्रम अन्तर्गतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानुन(ऐन नियम) तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडि संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी कायम रहेका लाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।
३. यो पाठ्यक्रम आठराई गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ तर यो कार्यविधि लागू भएको मिति भन्दा अगाडि नियुक्ति भएका विद्यालय सहयोगी कर्मचारीको हकमा लागू हुने छैन।

"

(२) देहायको अनुसूची — ५ थप गरिएको छः-

" **अनुसूची - ५**

**मातृभाषा शिक्षक पदको पाठ्यक्रम**

सामान्य परीक्षा पूर्णाङ्क-४० विषयगत परीक्षा पूर्णाङ्क-६० अन्तर्वार्ता पूर्णाङ्क-२०

| विषय क्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न सङ्ख्या | प्रति प्रश्न अङ्क भार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा | ३० | ४० | १५ | २ | वस्तुगत / बहु वैकल्पिक | ३० मिनेट |
| विषयगत परीक्षा | ७० | | ७ | ७ ×१०=७० | विषयगत / विश्लेषणात्मक | २ घण्टा ३० मिनेट |
| अन्तर्वार्ता | २५ | १० | मौखिक | | | |

खण्ड क - वस्तुगत प्रश्नहरू (सामान्य ज्ञान)

| क.सं. | विषयवस्तु तथा क्षेत्र | प्रश्न सङ्ख्या | प्रश्नको अङ्क भार |
|---|---|---|---|
| १ | नेपालको भूगोल (भौगोलिक विविधता प्रदेश जिल्ला स्थानीय तह ताल नदी हिमाल) | १ | २ |
| २ | नेपालको आधुनिक शैक्षिक इतिहास | १ | २ |
| ३ | शिक्षाको अर्थ परिभाषा उद्देश्यहरू र कार्यहरू | १ | २ |
| ४ | शिक्षा मनोविज्ञान अर्थ अवधारणा आवश्यक र महत्त्व | १ | २ |
| ५ | मानव विकासः वृद्धि र विकासको अवधारणा र स्थानीय पाठ्यक्रम | २ | ४ |
| ६ | पूर्व बाल्यावस्था परिचय विकासात्मक कार्य विशेषताहरू | १ | २ |
| ७ | पाठ्यक्रमको परिचय अवधारणा र प्रारम्भिक बाल-विकास तथा शिक्षाको पाठ्यक्रम २०७७, (सक्षमता सिकाइ क्षेत्र तथा सिकाइ उपलब्धी विस्तृतीकरण सहित विस्तृत अध्ययन) | २ | ४ |
| ८ | शैक्षणिक योजना अर्थ र आवश्यकता वार्षिक कार्ययोजना वार्षिक शैक्षिक योजना एकाइ योजना र दैनिक पाठयोजना | २ | ४ |
| ९ | शैक्षिक सङ्गठन कक्षा शिक्षण बहु कक्षा -शिक्षण विषय शिक्षण मिश्रित शिक्षण | २ | ४ |
| १० | नेपालको संविधान (शिक्षा सम्बन्धी व्यवस्था)<br>शिक्षा ऐन, २०२८ (संशोधन सहित),<br>शिक्षा नियमावली, २०५९(संशोधन सहित)<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (शिक्षा सम्बन्धी व्यवस्था)<br>आठराई गाउँपालिकाको शिक्षा ऐन, २०७५(संशोधन सहित) | २ | ४ |

खण्ड ख- विषयगत परीक्षाको पाठ्यक्रम

| क्र.सं. | विषयवस्तु तथा क्षेत्र | प्रश्न सङ्ख्या | एक प्रश्नको अङ्क भार |
|---|---|---|---|
| १ | शैक्षणिक योजनाः परिचय आवश्यकता निर्माण र प्रयोग(वार्षिक कार्यतालिका वार्षिक शैक्षिक योजना एकाइ योजना दैनिक पाठयोजना र दैनिक कार्यतालिका) कक्षा कोठा व्यवस्थापन(अवधारणा र महत्त्व कक्षा कोठाको वातावरण र बसाइ व्यवस्थापन) | १ | १० |
| २ | शैक्षिक सामग्री र शैक्षिक सुधारः शैक्षिक सामग्रीको प्रकार र निर्माण, प्राथमिक तहमा अध्यापन हुने विषयहरूको विषयगत शैक्षिक सामग्रीको निर्माण र प्रयोग | १ | १० |
| ३ | विद्यालय समुदाय सम्बन्धः विद्यालयको विकासमा समुदायको सहभागिता र दायित्व, समुदायको विकासमा विद्यालयको योगदान, विद्यालय र समुदायबीच सम्बन्ध | | |
| ४ | व्यक्तिगत स्वच्छता तथा वातावरणीय सरसफाइः व्यक्तिगत सरसफाइ, फोहोर व्यवस्थापन प्राथमिक उपचार परिचय महत्व पारिवारिक र सामुदायिक स्वास्थ्य सेवा घर विद्यालय र खेल मैदानमा हुने दुर्घटना प्राथमिक उपचार तथा दुर्घटनाबाट बच्ने उपायहरुः | १ | १० |
| ५ | वर्ण / ध्वनि सम्बन्धी ज्ञान र अभिव्यक्ति सम्बन्धी ज्ञान सीप | १ | १० |
| ६ | बाल मनोविज्ञानः अर्थ क्षेत्र आवश्यकता र महत्व पूर्व बाल्यावस्था परिचय, विकासात्मक कार्य, विशेषताहरू, शारीरिक र संवेगात्मक परिवर्तन तथा प्रभाव रुचिहरू सङ्कटहरू पूर्व बाल्यावस्थाका विद्यार्थीको सुरक्षित विकासमा शिक्षक र अभिभावकको भूमिका | १ | १० |
| ७ | सिकाइः अर्थ, स्वरूप र शैलीहरू, परिपक्वता र सिकाइ बीच अन्तरसम्बन्ध, स्व-प्रतिबिम्बन र सिकाइ, सिकाइमा स्थानान्तरण, स्मरण र विस्मरण, उत्प्रेरणा र सिकाइ , शिक्षण विधिको वर्गीकरण र प्रयोग शिक्षक निर्देशिकासँग शिक्षण विधिको सम्बन्ध शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग ( श्रव्य दृश्य तथा अन्तरक्रियात्मक डिजिटल सामग्री, इ-लाइब्रेरी) | १ | १० |
| ८ | परीक्षा र मूल्याङ्कनः परीक्षाको अवधारणा, उद्देश्य, प्रकारहरू, शिक्षक निर्मित परीक्षा र स्तरीकृत परीक्षा, मूल्याङ्कनको अवधारणा, उद्देश्य, प्रकारहरु, मूल्याङ्कनका साधनहरु र प्रयोग तथा प्राथमिक तहमा प्रयोग हुने मूल्याङ्कनका बिधि तथा प्रक्रियाहरु | १ | १० |

**अन्तर्वार्ता योजना (Interview Examination Scheme)**

**मातृभाषा शिक्षकका लागि**

१. अन्तर्वार्ता -२०

| क्र.सं. | मूल्याङ्कनको आधार | शैक्षिक योग्यता — ५ | | |
|---|---|---|---|---|
| १ | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता — ३ | प्रथम श्रेणी — ३ | द्वितीय श्रेणी — २ | |

| | | | | |
|---|---|---|---|---|
| २ | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको — २ | २ | १ | |
| ३ | अन्तर्वार्ता — १५ | व्यक्तित्व / आचरण — ५ | विषयवस्तुको ज्ञान — ६ | प्रस्तुतीकरण — ४ |

नोटः अन्तर्वार्ता बापत अङ्क दिंदा कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो नम्बर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ ।

द्रष्टव्यः

१. सामान्य परीक्षा(वस्तुगत/(बहु वैकल्पिक प्रश्नहरू)का प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ तर उत्तर नदिएमा अङ्क कट्टा गरिने छैन ।

२. यस पाठ्यक्रम अन्तर्गतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानुन(ऐन नियम) तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडि संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी कायम रहेका लाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

   यो पाठ्यक्रम आठराई गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ तर यो कार्यविधि लागू भएको मिति भन्दा अगाडि नियुक्ति भएका बाल-विकास सहजकर्ताको हकमा लागू हुने छैन।"

**आज्ञाले,**
**शंकर पौडेल**
**नि. प्रमुख प्रशासकीय अधिकृत**
**आठराई गाउँपालिका, तेह्रथुम**